प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## डिप्लोमा/प्रमाणपत्र तहको(निःशुल्क) छात्रवृत्ति तर्फ भर्नाको लागि निवेदन पेश गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति २०८१।०८।२५)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१।०८।२१ गते शैक्षिक सत्र २०८१/०८१ को लागि गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत नयाँ सम्बन्धन स्वीकृति पाएका शिक्षण संस्थाहरूमा तथा केहि शिक्षण संस्थाहरूमा पुनःप्रवेश परीक्षाबाट परीक्षार्थीहरू भर्ना भई कार्यक्रम सञ्चालन हुने देखिएकोले तपशिलको कार्यक्रम तथा सिट संख्यामा वर्गिकृत (निःशुल्क) छात्रवृत्तिमा प्रशिक्षार्थीहरू सिफारिस गर्नुपर्ने भएकोले परीक्षा नियन्त्रण कार्यालयद्धारा मिति २०८१।०४।१२ को प्रवेश परीक्षामा सहभागि भई यस प्रदेश कार्यालयद्धारा प्रकाशित नतिजा बमोजिम सम्बन्धित कार्यक्रमको प्रतिक्षा सूचिमा रहेका परीक्षार्थीहरूले मिति २०८१।०९।०१ गते कार्यालय समय भित्र स्वयम उपस्थित भई निवेदन दर्ता गराउनुहुन वा यस कार्यालयको ई-मेल ठेगाना ctevt.karnali@gmail.com मा पठाउनुहुन अनुरोध छ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. प्रदेश कार्यालयले तयार पारेको निवेदन।

२. प्रवेश परीक्षाको प्रवेशपत्रको प्रतिलिपि।

३. प्रकाशित नतिजा सिट।

**तपशिल**

| क्र.सं. | कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १ | फार्मेसी | ३ |
| २ | कृषि(बालि विज्ञान) | १२ |
| ३ | सिभिल ईन्जिनियरिङ्ग | ८ |
| ४ | कम्प्युटर ईन्जिनियरिङ्ग | ८ |

नोटः-

ई-मेल मार्फत प्राप्त भएका निवेदन तथा कागजातहरू स्पष्ट बुझिने नभएमा तथा रितपूर्वक प्राप्त नभएमा उक्त निवेदन छनोट प्रक्रियामा समावेश गराइने छैन।

निर्देशक